का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ असार २०८१,
शुक्रबार
21 June 2024,
Friday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १२९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



### प्रधानमन्त्री नै असन्तुष्ट

# बजेट कसको ?

**सत्तारुढ दलहरुबाटै बजेटको आलोचना भइरहेका बेला त्यसको बचाउ गर्नुपर्ने र जवाफ दिनुपर्ने दायित्वमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले असन्तुष्टि जनाएपछि बजेट कसको भन्ने अहम प्रश्न उब्जिएको छ ।**



चाहेजस्तो अझै हुन सकेन । माननीय मन्त्रीजीहरुले योजना निर्माण गर्दा प्रधानमन्त्रीकै निर्देशनलाई गम्भीरतापूर्वक लिनुपर्ने हो । भन्दा भन्दै साना आयोजाना राखिएको छ ।

■ **प्रचण्ड**
प्रधानमन्त्री



प्रधानमन्त्रीजीले नै असन्तुलित र वितरण उचित छैन भनेकोले बजेटलाई परिमार्जन गर्नुपर्छ । आशा गरौं, सरकारले बजेट परिमार्जन गर्नेछ ।

■ **रमेश लेखक**
प्रमुख सचेतक
नेपाली कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ असार ।

दलीय व्यवस्थामा चुनावमार्फत मत लिएर राजनीतिक दलहरु आफ्ना योजना बजेटमार्फत लागू गर्ने विश्वास गरिन्छ । तर, संघीय सत्ता गठबन्धनमा रहेका दलहरु आगामी आर्थिक वर्षको लागि प्रस्तुत बजेटमा अपनत्व लिइरहेका छैनन् ।

सत्तारुढ दलहरुबाटै बजेटको आलोचना भइरहेका बेला त्यसको बचाउ गर्नुपर्ने र जवाफ दिनुपर्ने दायीत्वमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले असन्तुष्टि जनाएपछि बजेट कसको भन्ने अहम प्रश्न उब्जिएको छ ।

बिहीबार प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम थियो । जहाँ नेकपा एमालेका सांसद ठाकुर गैरेले बजेटमा ससाना आयोजना परेको विषयमा प्रश्न गरे । 'तपाईं प्रस्तुत बजेटको समर्थन गर्नुहुन्छ कि समर्थन' भन्ने सांसद गैरेको प्रश्न थियो ।

जवाफमा प्रधानमन्त्री प्रचण्डले आफू सन्तुष्ट नरहेको बताए । 'चाहे जस्तो अझै हुन सकेन, यसको निम्ति हामी सबैले प्रयास गर्नु पर्ने हुन्छ ।' प्रधानमन्त्री प्रचण्डले भने ।

प्रधानमन्त्री प्रचण्डले उल्टै, आफूले भन्दाभन्दै साना आयोजनाहरु बजेटमा परेको गुनासो गरे ।

'माननीय मन्त्रीजीहरुले पनि योजना निर्माण गर्दा, कार्यक्रम बनाउँदा सरकारले बनाएको (निर्देशिका), प्रधानमन्त्रीकै निर्देशनलाई जति गम्भीरतापूर्वक लिनुपर्ने हो' प्रधानमन्त्री प्रचण्डले भने, 'भन्दा भन्दै पनि साना आयोजाना राखिएको छ ।'

जे भएको छ, ठीक भएको छ भन्ने पक्षमा आफू नभएको दोहोऱ्याउँदै प्रधानमन्त्री प्रचण्डले परिमाजन आवश्यक रहेको र यसका लागि प्रयास गर्ने बताए ।

'प्रयास जारी छ, साना आयोजनाहरु संघले कार्यान्वयन गर्दैन, प्रदेश र स्थानीय तहलाई कार्यान्वयन गर्न दिने व्यवस्था गरिन्छ' प्रधानमन्त्री प्रचण्डको प्रतिवद्धता छ ।

नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखक प्रधानमन्त्री प्रचण्ड बजेटप्रति पूर्णसन्तुष्ट नरहेपछि बजेट कसको भन्ने प्रश्न जन्मिएको बताउँछन् ।

प्रधानमन्त्रीले मन्त्रालयगत बजेट असन्तुलित रहेको र >>> पृष्ठ २ मा

# हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

हावाहुरीबाट हुने क्षति कम गर्न
पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सहकारी नियमन गर्न छुट्टै निकाय

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ असार ।

देशभरका सहकारीमा समस्या आइरहेका बेला सरकारले सहकारी संस्थाहरुको नियमन गर्न छुट्टै निकाय गठन गर्न लागेको छ । सहकारी मन्त्रालयको यस्तो प्रस्तावलाई अर्थ मन्त्रालयले समेत स्वीकृत दिइसकेको छ ।

सहकारी सिद्धान्तअनुसार सहकारी संस्थाहरू सञ्चालन नभएको भनेर प्रश्न उठिरहेका बेला सरकारले अधिकार सम्पन्न प्राधिकरण बनाएर नियमन गर्न लागेको हो ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीका अनुसार सहकारी नियमन गर्न गठन गरिने प्राधिकरणले सहकारी सिद्धान्तअनुसार सहकारी सञ्चालनका लागि आवश्यक वातावण बनाउनेछ ।

'सहकारीको मर्म विपरीत सहकारी संस्थाहरूले विजनेशको उद्देश्य राखेको भन्ने आएको छ । सहकारीमा देखिएको विचलनले सबै सहकारी त्यस्तै हुन भन्ने भ्रम पनि पैदा भएको छ' मन्त्री अधिकारीले भने, 'सबै सहकारी त्यस्तै होइनन् भन्ने कुराको लागि गलत गर्नेलाई कारबाही गर्ने र सहीलाई प्रोत्साहन गर्नमा ध्यान पुगेको छ ।'

बिहीबार प्रतिनिधि सभामा भूमि व्यवस्था मन्त्रालयको आगामी आर्थिक वर्षको बजेटमाथि उठेका प्रश्नहरूको जवाफ दिने क्रममा मन्त्री अधिकारीले यस्तो जानकारी दिएका हुन् ।

मन्त्री अधिकारीका अनुसार हाल तीन तहको सरकारअन्तर्गत सहकारीहरू छन् । १४५ वटा सहकारी मात्रै संघीय सरकार मातहत रहेको उनले जानकारी दिए ।

२७ सय बढी प्रदेशमा दर्ता भएका र बाँकी स्थानीय सरकार मातहत रहेको उल्लेख गर्दै उनले भने, 'प्रदेश र स्थानीय तहले दर्ता गरेको सहकारी संघले हेर्न मिल्दैन ।'

देशभरका सहकारीहरूमा समस्या आएको बताइने र यसको विषयमा संघीय सरकारमाथि प्रश्न बढी आउने अवस्थामा तीन वटै सरकार मातहत रहेका सहकारीहरू नियमन गर्ने गरी छुट्टै निकाय (प्राधिकरण) बनाउन लागिएको हो ।

# सिके राउतलाई उपप्रधानमन्त्री अफर



एमाले-माओवादी गठबन्धनले जनमत पार्टीका अध्यक्ष सिके राउतलाई उपप्रधानमन्त्रीसहित परराष्ट्र वा उद्योग मन्त्रालयको जिम्मेवारीमा सरकारमा सहभागी हुन भनेको छ ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, ६ असार ।

काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी (नाउपा)लाई समेटेर मन्त्रिपरिषद् पुनर्गठनको तयारीमा लागेका छन् । यसपटक जनमत पार्टीका अध्यक्ष सिके राउतलाई नै मन्त्रिपरिषद सदस्यमा सहभागी गराउन खोजिएको छ ।

नेकपा एमाले-नेकपा माओवादी केन्द्र सम्मिलित गठबन्धनले जनमत पार्टीका अध्यक्ष सिके राउतलाई उपप्रधानमन्त्री सहित परराष्ट्र वा उद्योग मन्त्रालयको जिम्मेवारीमा सरकारमा सहभागी हुन भनेका छन् । तर, राउतले बजेटपछि मात्रै निर्णय लिने जवाफ दिएका छन् ।

राउत जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवलाई हराएर प्रतिनिधि सभा सदस्य भएका थिए । ४ मंसिर २०७९ को चुनावमा राउतसँग हारेका उपेन्द्र यादव चुनावपछि उपप्रधानमन्त्री भएका थिए ।

उपेन्द्र यादव रामसहाय प्रसाद यदाव उपराष्ट्रपति भएपछि रिक्त रहेको क्षेत्रमा चुनाव लडेर जितेर आएका थिए । जसपा नेपाल विभाजित भएर जसपा बनेको छ । यो सँगै उपेन्द्र यादव सरकारबाट बाहिरिएका छन् । यादव सरकारबाट बाहिरिएपछि हुन लागेको मन्त्रिपरिषद विस्तारमा राउत आफैं मन्त्री हुनुपर्ने मत गठबन्धनमा रहेका दलहरुभित्र उठेको हो ।

उपप्रधानमन्त्री सहित सरकारमा जाँदा राउतको राजनीतिक हाइट बढ्ने कतिपयको बुझाई छ । यही बुझाईका साथ राउत सरकारमा जान सक्ने धेरैको >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# फ्रि भिसा फ्रि टिकटमा पनि ब्रह्मलुट छ : श्रममन्त्री अर्याल

**काठमाडौं/रासस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले फ्रि भिसा फ्रि टिकटमा ब्रहमलुट रहेको बताएका छन् । राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबारको बैठकमा बोल्दै उनले श्रम स्वीकृतिमा बेथिति देखिएकाले एक घण्टामै श्रम स्वीकृति प्रदान गर्ने निर्णय गरिएको बताए ।

मन्त्री अर्यालले भने, 'वैदेशिक रोजगारीमा जाने सोझा नागरिक आफ्नो सम्पत्ति बेचेर गइरहेका हुन्छन् । उनीहरुलाई बिचौलियाले ठग्ने गरेका छन् । ठग्ने प्रवृत्ति अन्त्य गर्न यो निर्णय गऱ्यौं । फ्रि भिसा फ्रि टिकटमा पनि ब्रहमलुट छ । यसको नीति सुधारका लागि पनि काम गरिरहेका छौं ।'

उनले आन्तरिक रोजगारी सिर्जना गर्ने काममा मन्त्रालय गम्भीर रहेको बताउँदै भने, 'विदेश जानेलाई रोक्न सकिँदैन, तर फर्किएकालाई मात्रै रोक्न सके त्यो ठूलो कुरा हुनेछ । फर्केकालाई व्यवस्थापन गर्न कार्यक्रम ल्याउँदैछौं ।'

मन्त्री अर्यालले प्रधानमन्त्री रोजगार कार्यक्रमको नयाँ 'मोडालिटी' ल्याउन गृहकार्य भइरहेको बताए । उनले भने, 'यो कार्यक्रमबारे पुनःविचार गर्नुपर्छ भनेर काम भइरहेको छ । कम्तीमा यो कार्यक्रमले सीप विकास र उद्यमशीलतासँग जोड्न सक्नुपर्छ ।'

मन्त्रालयका सचिव घनश्याम उपाध्यायले रोजगार बैंकको अवधारणामा मन्त्रालय अघि बढेको बताए । उनले भने, 'हामीले गरेका काम प्रचार गर्न सकेका छैनौं । श्रमाधान रोजगार मेला सातै प्रदेशमा सम्पन्न भएको छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरेका छौं ।'

बैठकमा श्रम तथा रोजगार, श्रमिक तथा कामदार, वैदेशिक रोजगार, सामाजिक सुरक्षाको अवस्था नीति, कानून, संरचनालगायतमा मन्त्रालयबाट भएका काम कारबाही, समस्या, भावी, कार्ययोजनालगायतका विषयमा छलफल भएको थियो ।

समितिका सभापति सोनाम गेल्जेन शेर्पाले नकारात्मकभन्दा सकारात्मक पाटोमा ध्यान दिनुपर्ने सुझाव दिए । उनले भने, 'नेपालभित्रै काम गरिरहेका सफल व्यवसायीको पनि प्रचारप्रसार गर्नुपर्छ जसले गर्दा अरुलाई प्रोत्साहन मिलोस् ।'

समितिका सदस्यहरुले आन्तरिक रोजगारी सिर्जना गर्न कार्यक्रम ल्याउनुपर्ने, म्यानपावर कम्पनीहरुको >>> पृष्ठ २ मा

## सय नपुगेका म्यानपावर पनि नवीकरण गर्न लोकतान्त्रिकको माग



**काठमाडौं/मस–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले सबै वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण हुने व्यवस्थाको सुनिश्चित गरिदिन नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माको ध्यानाकर्षण गराएको छ । एशोसिएसनले बिहीबार नेपाली कांग्रेस केन्द्रीय कार्यालय सानेपामा महामन्त्री शर्मालाई भेटेर उक्त ध्यानाकर्षण गराएको हो ।

एशोसिएसनले व्यवसायीको इजाजतपत्र नवीकरणका लागि वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउनै पर्ने वैदेशिक >>> पृष्ठ २ मा

# वकिलको शुल्क तोक्ने तयारी

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, ६ असार ।

सरकारले कानून व्यावसायीले लिने शुल्कका सम्बन्धमा कानून बनाउने भएको छ । कानून व्यावसायीले जथाभावी शुल्क लिएको टिप्पणी भइरहेका बेला सरकारले त्यसलाई पारदर्शी बनाउने गरी कानून बनाउने तयारी गरेको हो ।

यसका लागि प्रचलित ऐन संशोधन गर्न लागिएको छ ।

कानून न्याय तथा संसदीय मामिलामन्त्र पदम गिरीका अनुसार नेपाल कानून व्यावसायी परिषद ऐन २०५० लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा दर्ता हुने चरणमा छ ।

'कानून व्यावसायीले पालना गर्नुपर्ने आचरण, कानून व्यावसायीहरुले मुद्दाका पक्षलाई कानूनी सेवा उपलब्ध गराए वापत्त लिने शुल्कलाई पारदर्शी बनाउने गरी हामी नेपाल कानून व्यावसायी परिषद ऐन २०५० लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा दर्ता हुने अन्तिम चरणमा छ' मन्त्री गिरीले भने ।

बिहीबार प्रतिनिधि सभामा बोल्दै मन्त्री गिरीले यस्तो जानकारी दिए । उनका अनुसार कानून व्यावसायी प्रतिष्ठान

> कानून व्यावसायीले जथाभावी शुल्क लिएको टिप्पणी भइरहेका बेला सरकारले त्यसलाई पारदर्शी बनाउने गरी कानून बनाउने तयारी गरेको हो ।

लयर्श एकेडेमी गठन गर्ने तयारी छ । यसका लागि समेत ऐन संशोधन गर्न लागिएको उनले बताए ।

कानून व्यवसायीको पेशागत आचार संहिता सम्बन्धी नियमावली, २०७९ मा कानून व्यवसायीले सेवाग्राहीसँग शुल्क लिँदा अनिवार्य रुपमा रसिद दिनुपर्ने व्यवस्था छ ।

नेपाल बार काउन्सिलले तयार पारेर सर्वोच्चको फुटकोर्ट बैठकले संशोधनसहित स्वीकृत गरेको कानून व्यवसायीको पेशागत आचार संहिता सम्बन्धी नियमावलीमा यस्तो व्यवस्था गरिएता पनि यसले अपुग भएको भनेर कानून नै बनाउन लागिएको हो ।

वकिलले लिने शुल्कलाई व्यवस्थित र करको दायरमा ल्याउन नियमावलीमा रसिदको व्यवस्था गरिएको थियो ।

आचारसंहितामा कानून व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन २०५१ सालमा जारी गरिएको आचार संहिताभन्दा फरक प्रावधान राखिएका थियो । तर, यसले नपुगेको भन्ने आवाज सम्बोधन गर्न सरकारले प्रचलित ऐन नै संशोधन गर्न लागेको हो ।

कानूनी परामर्श, राय सल्लाह दिँदा पनि शुल्क >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
७ असार २०८१, शुक्रबार
21 June 2024, Friday

# गरुडा नगरपालिकाले ल्यायो ७० करोड २० लाख रुपैयाँको बजेट

**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, ६ असार



रौतहटको गरुडा नगरपालिकाको ११ औं नगरसभा तथा आठौं बजेट अधिवेशन बिहीबार सम्पन्न भएको छ । यस वर्ष जिल्लामा सबैभन्दा पहिला कटहरिया नगरपालिकाले बुधबार आफनो १०औं नगर अधिवेशन सम्पन्न गरेको थियो भने दोस्रो पालिकाको रुपमा गरुडा नगरपालिकाले बिहीबार आफ्नो ११औं नगर सभा तथा आठौं बजेट अधिवेशन सम्पन्न गरेको हो । सबै पालिकाले असार मसान्तभित्रमा नगरपरिषद् सम्पन्न गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याइसक्नुपर्ने प्रावधानअनुसार गरुडा नगरपालिकाले बिहीबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट सार्वजनिक गरेको छ ।

गरुडा नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ का लागि कूल ७० करोड भन्दा बढीको अनुमानित बजेट प्रस्तुत गरेको छ । गरुडास्थित कल्वार धर्मशालामा मधेश प्रदेशका युवा तथा खेलकुद मन्त्री प्रमोद जयसवालको प्रमुख आतिथ्यता तथा गरुडा नगरपालिकाका प्रमुख कन्थमणि प्रसाद जयसवालको अध्यक्षतामा भएको नगर सभामा आर्थिक वर्ष २०८१/०८२ का लागि ७० करोड २० लाख ५९ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरिएको छ। नगर उपप्रमुख पुनम देवी चौधरीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवम् बजेट प्रस्तुत गरेकी हुन् ।

संघीय र प्रदेश सरकारको वित्तीय समानीकरण, विशेष अनुदान, सशर्त अनुदान, राजस्व बाँटफाँट, समपूरक अनुदान, आन्तरिक आयलगायत गरी बजेट प्रस्तुत गरिएको नगर प्रमुख जयसवालले बताए । शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विद्युत, भौतिक पूर्वाधार निर्माण कार्यलगायतलाई विशेष प्राथमिकतामा राखेर बजेट ल्याइएको उनले बताए ।

यसका अलावा समावेशीकरण/गरिबी निवारण तथा कला, संस्कृति, खेलकुद, पूर्वाधार विकास, सिँचाइ, भवन तथा शहरी विकास, सञ्चार, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासनलगायतका कार्यक्रममा आवश्यक बजेट तथा योजनाहरू सञ्चालन गरिने मेयर जयसवालले उल्लेख गरे। उनले सीमित स्रोतसाधनका बाबजुद नगरपालिकाले केही महत्वाकांक्षी तथा रुपान्तरणकारी योजना सम्पन्न गरेको बताए। केही योजना सम्पन्न हुने चरणमा रहेको उनको भनाइ छ। गरुडा नगरपालिकाले अन्य पालिकाको तुलनामा धेरै काम गरेको भन्दै उनले यसमा साथ र सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गरे।

संघ र प्रदेशको सहकार्यमा नगरमा केही ठूला आयोजना अघि बढेको र अरु योजनाहरु अगाडि बढ्ने क्रममा रहेको जयसवालको भनाइ थियो । दुई वर्षको अवधिमा नगरले विकासको क्षेत्रमा फड्को मारेको बताउँदै उनले नगरमा सञ्चालनमा रहेका र अब सञ्चालन हुने विकास निर्माणका कामबारे जानकारी गराएका थिए ।

१७ करोडको लागतमा नगरपालिका कार्यालयको आफ्नै प्रशासकीय भवन निर्माण कार्य शुरु भइसकेको बताउँदै नगर प्रमुख जयसवालले गाउँ-गाउँमा सडक, नाला निर्माणजस्ता भौतिक पूर्वाधार निर्माणका कामहरु द्रुत गतिमा अगाडि बढाइएको उल्लेख गरे ।

भौतिकसँगै रोजगारी सिर्जना, महिला विकास, शिक्षा, स्वास्थ्यजस्ता विषयमा नगरले उल्लेखनीय काम गरेको उनले बताए । सबैको साथ, सहयोग रहेमा आफ्नो कार्यकालभित्र गरुडा नगरलाई एक विकसित र समृद्ध नगर बनाउने उनले प्रतिबद्धता जनाए ।

कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद मुस्ताक आलमले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रममा नगर उपप्रमुख पुनम देवी चौधरी, वडा नम्बर १ का अध्यक्ष शेख वहाब, वडा नं.२ का अध्यक्ष कृष्णनन्दन सहनी, वडा नं. ३ का अध्यक्ष अम्बिका सहनी, वडा नं. ४ का अध्यक्ष सुनिल कुमार जयसवाल, वडा नं. ५ का अध्यक्ष रामबाबु चौधरीसहित सम्पूर्ण कार्यपालिका सदस्य, अन्य जनप्रतिनिधि, इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी रामेश्वर त्वाती, जनता समाजवादी पार्टी(जसपा)नेपालका नेता राजकुमार दाससहित विभिन्न पार्टीका नेता, सञ्चारकर्मीलगायतको उपस्थिति रहेको थियो ।

# स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन अहिलेको आवश्यकता : मन्त्री पुन




**सुर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, ६ असार

लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री दिपेन्द्र कुमार पुनले खोप अभियान राष्ट्रिय अभियान भएको बताएका छन् । लिबाङमा आयोजना गरिएको रोल्पा जिल्ला पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री पुनले सो कुरा बताएका हुन् ।

उनले नेपाल सरकारको स्वास्थ्य मन्त्रालयले सन् २०३० सम्म नेपाललाई पूर्ण खोप घोषणा गर्ने लक्ष्य लिएकाले आफूहरु अभियानको रूपमा अगाडि बढेको बताए । मन्त्री पुनले भने, 'आज हामीले आर्थिक वर्ष २०८०/०८१ को लुम्बिनी प्रदेशकै पहिलो जिल्लाको रूपमा रोल्पा जिल्लालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गर्न सफल भएका छौं ।'

नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा जति लगानी गरेको छ त्यसअनुरुप आम नागरिकले महसुस गर्नुपर्ने भएपनि त्यो हुन नसकेको उनले बताए। अहिले स्वास्थ्य क्षेत्रमा जनशक्तिको अभाव भएको बताउँदै मन्त्री पुनले स्वास्थ्य क्षेत्र राम्रो बनाउन दक्ष जनशक्ति उत्पादन अहिलेको आवश्यकता रहेको बताए ।

मन्त्री पुनले पछिल्लो समय अस्वस्थकर खानपिनका कारण नसर्ने रोगहरु वृद्धि हुँदै गएको समेत बताए । साथै उनले प्रदेशबाट रोल्पा जिल्लामा अबको केही दिनमै स्वास्थ्य क्षेत्रका जनशक्ति पठाइने बताए ।

# बज्रयोगिनी योग साधना केन्द्रको आयोजनामा प्रभातफेरी




**काठमाडौं/मस-** बज्रयोगिनी योग साधना केन्द्रको आयोजनामा विशाल प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ । केन्द्रको वार्षिकोत्सव तथा दशौं अन्तर ाष्ट्रिय योग दिवसको अवसरमा मनाउन लागिएको तीन दिवसीय कार्यक्रमअन्तर्गत पहिलो दिन बिहीबार तारकेश्वर नगरपालिकामा योग जागरणसम्बन्धी प्रभातफेरी कार्यक्रम गरिएको हो ।

'गरौं योग-रहौं निरोग, घर-घरमा योग जन-जनमा योग, महिला सशक्तीकरणका लागि योग, सबैका लागि योग सधैंका लागि योग, रक्तदान जीवनदान'जस्ता नारा लेखिएका प्लेकार्ड र योग जागरणसम्बन्धी ब्यानरहरुसहित शुरु गरिएको प्रभातफेरीको शुभारम्भ तारकेश्वर नगरपालिका पतञ्जली योग समितिका अध्यक्ष चन्द्र सापकोटाले गरेका थिए ।

सात वटा योग साधना केन्द्रहरु अर्किड, स्वतभैरव, मिलन बस्ती, गुप्तेश्वर, गोलढुंगा, सेक्रेड हार्ट र तारकेश्वर नगरपालिका खेलकुद संघबाट साधक साधिकाहरुको उल्लेखनीय सहभागिताका साथ प्रभावफेरी कार्यक्रम सम्पन्न भएको केन्द्रले जनाएको छ । कार्यक्रमका बारेमा जानकारी गराउँदै बज्रयोगिनी साधाना केन्द्रका सचिव राजेन्द्र घिमिरे सागरले बज्रयोगिनी योग साधना केन्द्रको वार्षिकोत्सव असार ७ गते रहेको र जुन २१ तारिकमा मनाइने अन्तर्राष्ट्रिय योग दिवससमेत सोही दिन परेकाले कार्यक्रम भव्य बनाउन तीन दिवसीय कार्यक्रमको आयोजना गरिएको बताए ।

यसैगरी असार ७ गते बिहान बज्रयोगिनी योग साधना केन्द्रको वार्षिकोत्सव भव्य बनाउन स्थानीय, योग साधना केन्द्रका साधक साधिकाहरु, प्रहरी, स्थानीय निकायका प्रतिनिधिहरु, सञ्चारकर्मीहरु, जिल्ला नगर योग समितिका पदाधिकारीहरुको उपस्थितिमा अन्तर्राष्ट्रिय योग दिवसकको मापदण्डअनुसार योग, खेलकुद, विभिन्न योगासनहरुको प्रदर्शन, कविता वाचन तथा योग जागरणसम्बन्धी प्रवचन गरी मनाइने केन्द्रले जनाएको छ ।

यस्तै तेस्रो दिनको कार्यक्रम तारकेश्वर नगरपालिका वडा नं ४ का अध्यक्ष नरेन्द्रदास श्रेष्ठको प्रमुख आतिथ्यतामा असार ८ गते शनिबार बिहान ११ बजेबाट २ बजेसम्म बृहत् रक्तदान कार्यक्रम आयोजना गरिने केन्द्रले बताएको छ । केन्द्रका सचिव घिमिरेले तारकेश्वर नगरपालिका वडा नं.४ लोलाङ हाइट बज्रयोगिनी पिपलबोट प्राङ्गणमा हुने रक्तदान कार्यक्रममा सहभागी भइ रक्तदान गर्नका लागि सबैमा आह्वान गरेका छन् ।

बज्रयोगिनी योग साधना केन्द्रका अध्यक्ष सुमन थापाले संस्थाको वार्षिकोत्सव तथा दशौं अन्तर्राष्ट्रिय योग दिवसको तीन दिवसीय कार्यकममा पतञ्जली योग समिति तारकेश्वरका अध्यक्ष चन्द्र सापकोटाको सहयोग, नगर खेलकुद संघको सहकार्यका साथै विशेष जिम्मेवारी साथ खटिएका बज्रयोगिनी योग साधना केन्द्रका राजेन्द्र घिमिरे सागर, शशी (कमल) पन्त, पुष्पा लम्साल, केदार अधिकारी, मैयाँ केसी, सुनिता ढुंगाना, देवकी बानियालगायतलाई धन्यवाद ज्ञापन गरे । उनले तारकेश्वरलाई योगमय बनाउन आफू सधैं निःस्वार्थ निरन्तर लागि रहने प्रतिबद्धता जनाए ।

# यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अधिकारका लागि नीति संवाद

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ६ असार




यौनिक तथा लैंगिक अल्पसंख्यक सामुदायको अधिकारका लागि नीति संवाद कार्यक्रम सम्पन्न भएको छ ।

सामाजिक जागरण तथा विकास प्रतिष्ठान(सादा नेपाल) संस्थाको आयोजना, प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोग र कर्णाली प्रदेश सामाजिक विकास मन्त्रालयको समन्वयमा नीति संवाद सम्पन्न भएको हो ।

सादा नेपालका कार्यकारी निर्देशक अशोकनाथ योगीको अध्यक्षतामा भएको कार्यक्रममा सांसद घनश्याम भण्डारी प्रमुख अतिथि रहेका थिए ।

कार्यक्रममा सामाजिक विकास समितिका सभापति सांसद विजया बोहोरा, कर्णाली प्रदेश सभा सदस्य ज्वारिलाल हमाल, कर्णाली प्रदेश प्रमुख प्रहरी उपरीक्षक बिनोद शर्मा, प्लान इन्टरनेशनल नेपाल क्षेत्रीय कार्यालय प्रमुख मिना पराजुली, सिमरन शेरचन, राष्ट्रिय यौनिक तथा लैङ्गिक अल्पसंख्यक महासंघ-राष्ट्रिय कार्यक्रम संयोजक तथा पत्रकार, गैर सरकारी संस्थाका प्रतिनिधि, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका सदस्यको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले यस समुदायको कानूनी संरक्षण, भेदभावविरुद्धका कदमहरू, स्वास्थ्य सेवा र शिक्षामा समान पहुँचजस्ता महत्वपूर्ण मुद्दाहरूमा छलफल गरेका थिए । प्रमुख वक्ताहरूले एलजीबीटीक्यू समुदायका सदस्यहरूलाई सम्मान जनक र सुरक्षित वातावरण प्रदान गर्न आवश्यक उपाय तथा नीति बनाउन पर्नेमा जोड दिएका छन् ।

कानूनी सुधारका साथै सामाजिक सचेतना अभिवृद्धि गर्नुपर्ने र भेदभाव हिंसाविरुद्ध कडा कानूनी कदम चाल्नुपर्नेमा सहमति जनाएका थिए । साथै, शिक्षा र स्वास्थ्य क्षेत्रमा एलजीबीटीक्यू मैत्री नीति तथा कार्यक्रमहरूको विकास गर्नुपर्नेमा सबैको जोड दिएका थिए ।

हाल उक्त कार्यक्रम सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) ले प्लान इन्टरनेशनल नेपालको आर्थिक सहयोगमा कालिकोट जिल्लाको रास्कोट नगरपालिका र सान्नी त्रिवेणी गाउँपालिकामा सन् २०२४ देखि सञ्चालन गरिरहेको दल्सिह कुमालले बताए ।

शान्ति, विकास, सुशासन र सामाजिक न्यायको क्षेत्रमा कार्य सञ्चालन गर्दै स्वालम्बी समतामुलक मानव सुरक्षासहितको समुन्नत नमुनाको अधिकार सम्पन्न समाज निर्माण गर्ने उद्देश्यका साथ सामाजिक जागरण तथा विकास प्रतिष्ठान (सादा नेपाल) सन् १९९८ मा स्थापना भएको र आफ्नो स्थापनाकाल देखिनै बाल विवाह न्यूनीकरण, बाल संरक्षण, बाल प्रत्याभूत सञ्चार व्यवस्थापन, जलवायु परिवर्तन, जोखिम व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, पैरवी तथा अल्पसंख्यकका क्षेत्रमा समाजमा सकारात्मक परिवर्तनका लागि कर्णाली प्रदेशका जिल्ला लगायत विभिन्न जिल्लाहरुमा समुदाय परिचालन र नीतिगत पैरवीको क्षेत्रमा कार्य गर्दै आइरहेको सादा नेपालका कार्यकारी निर्देशक अशोकनाथ योगीले बताए ।

'यो नीतिगत पैरवी र समुदाय परिचालनको कामलाई सादा नेपाल प्लान नेपालले नियमित गर्नुपर्ने देखिन्छ र हामी प्रतिवद्ध छौं' सामाजिक विकास समितिका सभापति घनश्याम भण्डारीले भने।

**बजेट...**

परिमार्जन गर्ने भनिसक्नुभएको भन्दै मन्त्रालयगत बजेट परिमार्जन गर्नुको विकल्प नरहेको बताए उनले सुनाए । उनले मन्त्रालयगत बजेटमा प्रधानमन्त्रीले हस्तक्षेप गर्नुपर्ने बताए। उनले प्रधानमन्त्रीले बजेटमा असन्तुष्टि जनाउनुले बजेटमा गम्भीर प्रकृतिको कमजोर भएको प्रमाणित हुने बताए।

'प्रधानमन्त्रीजीले नै बजेट असन्तुलित भएको, वितरण त्यति उचित छैन भनेकोले यसलाई परिमार्जन गर्नुपर्छ । आशा गरौं । सरकारले बजेट परिमार्जन गर्नेछ ।'

गत जेठ १५ गते अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षका लागि कुल खर्च १८ खर्ब ६० अर्ब ३० करोड को बजेट ल्याएका थिए ।

प्रमुख प्रतिपक्षी र प्रतिप्रक्षी दलले वितरणमुखी बजेट, कार्यकर्ता केन्द्रित बजेट भनिरहेका बेला सत्तारुढ दलले पनि कार्यान्वयनमा चुनौती देखाएको भनेर आलोचना गरेका छन् ।

नेकपा एमालेका उपाध्यक्ष तथा पूर्व अर्थमन्त्री विष्णु पौडेल बजेट टिप्पणी योग्य रहेको बताउँछन् । योजना छनोट र सरकारको लक्ष्यमा काहीँ न काहीँ मेल हुन आवश्यक रहेको उनको भनाइ छ ।

पालिका स्तरको डाउनटाउन र वडास्तरको पार्क बनाउने कुरा संघीय सरकारको बजेटमा बोलिएको छ' उनी बजेटको आलोचना हुनुबारे टिप्पणी गर्छन ।

**सिके...**

आँकलन छ। उपेन्द्र यादवले मधेशमा आफू बराबरको नेता नभइरहेको बताउन गरेका छन्। पोटफोलियोमा उनी बराबर हुने गरी राउतलाई सरकारमा लैजान खोजिएको छ । राजनीतिक हाइट बढ्ने विश्वासका साथ राउत पनि सरकारमा जाने तयारीमा रहेको नेताहरु बताउँछन्

तर, सरकारमा गएर काम गर्न नसके जनतामा हाल रहेको विश्वास कम हुने डरले राउत अझै सरकारमा नजान सक्ने र अर्को व्यक्तिलाई पठाउने सक्ने कतिपयको आँकलन छ । यही बुझेर एमाले-माओवादी गठबन्धनले राउतलाई उपप्रधानसहित परराष्ट्र वा उद्योग मन्त्रालयमध्ये एक लिन अफर गरेको बताइन्छ ।

हाल सरकारमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी छन् । जनमत पार्टीलाई संघीय सत्ता गठबन्धनले मधेश प्रदेशमा सरकार बनाउन सघाएको छ । यसअघि मधेश प्रदेशमा उपेन्द्र यादव नेतृत्वको जसपा नेपालको सरकार थियो । उक्त सरकार बदलेर जनमत पार्टीको नेतृत्वमा बनिसकेको छ । मधेश सरकारको निरन्तरताका लागि समेत राउत आफैं संघीय मन्त्रिपरषदमा जानुपर्ने मत जनमत पार्टी भित्र समेत उठेको छ । यसो गर्दा संघीय सरकार र प्रदेश सरकारका बीचमा समन्वय गर्न सहज हुने उनीहरुको बुझाइ छ । तर, राउतले भने हालसम्म कुनै निर्णय नदिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय स्रोतले बताएको छ ।

कांग्रेस र माओवादी समीकरण भत्किएर २१ फागुन २०८० मा एमाले र माओवादीको नयाँ गठबन्धन बनेसँगै जनमत पार्टीले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिएको थियो । त्यस लगत्तै राउतलाई सरकारमा सहभागी हुन गठबन्धनको तर्फबाट प्रस्ताव गरिएको थियो । तर राउतले मधेस प्रदेश सरकारको टुंगो नलागेसम्म सरकारमा सहभागी नहुने भनेर पन्छिएका थिए ।

मधेस प्रदेश सरकारको नेतृत्व टुंगो लागेसँगै जनमतलाई पुनः गठबन्धनबाट सरकारमा सहभागी हुनका लागि पटक-पटक आग्रह गरिएको नेताहरु बताउँछन् ।

पछिल्लो समय राष्ट्रय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले आफैँ समेचत जनमत पार्टीका अध्यक्ष राउतलाई मन्त्रिपरिषदमा आउन भनेका छन् ।

नेताहरुका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नै उपप्रधानमन्त्री सहित सरकारमा सहभागी हुन राउतलाई लामिछानेमार्फत सन्देश पठाएका हुन्।

जनमत पार्टीका एक नेताले उपप्रधानमन्त्रीको अफर आएको स्वीकार गरे ।

उनले भनेका छन्, 'डाक्टर साहेब (राउत)लाई नै सरकारमा सहभागी गराउने प्रस्ताव आए पनि उहाँले निर्णय लिनुभएको छैन । उहाँ यस बारेमा आन्तरिक छलफल गर्दै हुनुहुन्छ ।' तर, सरकारमा गएपछि पार्टीमा काम गर्न नपाएर पार्टी कमजोर हुन सक्ने चिन्तामा राउत रहेको नेताहरु बताउँछन् ।

विगतमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव जति पटक सरकारमा गएका थिए त्यति पटक नै उनको पार्टी समेत विभाजन भएको छ । त्यो कुराको भय राउतमा पनि रहेको कतिपय नेताहरू बताउँछन् ।

यस विषयमा निर्णय लिन आगामी आइतबार जनमत पार्टीले पार्टीको सचिवालय बैठक बस्दैछ । उक्त बैठकबाट सरकारमा सहभागी हुने वा नहुने विषयमा निर्णय लिइने नेताहरु बताउँछन् ।

**फ्रि भिसा...**

कडा अनुगमन हुनुपर्ने, युवालाई विदेश जान रोक्ने कार्यक्रम ल्याउनुपर्नेलगायतका धारणा राखे ।

सांसद विष्णुकुमारी सापकोटाले नेपालमै रोजगारीको व्यवस्था गर्न आन्तरिक स्रोतको भरपुर उपयोग गर्न सकिने बताइन्। उनले भनिन्, ' आन्तरिक स्रोत खोजी गर्नुपर्छ। आफ्नै देशमा रोजगारीको व्यवस्था गर्न सकिन्छ । लोकल मदिराको ब्रान्डिङ गर्न सकिन्छ । प्रधानमन्त्री रोजगार कार्यक्रमबारे पुर्नविचार गर्नुपर्छ ।'

सांसद कृष्णबहादुर रोकायाले बिचौलियाले वैदेशिक रोजगारीमा जानेलाई अलपत्र पारेको भन्दै म्यानपावर कम्पनीको कडा अनुगमन हुनुपर्ने बताए । उनले भने, 'नेपाली ठगिएका छन् । अझ त्यहाँ बितेका नेपालीको शव ल्याउन अप्ठ्यारो छ । सीप सिकेर नगएका कारण असमान ज्याला देखिएको छ ।'

**सय...**

रोजगार ऐन २०६४ मा रहेको बाध्यकारी व्यवस्थाले हरेक आर्थिक वर्षको अन्त्यमा संस्था नवीकरण नहुने र इजाजत पत्र नै खारेज हुने त्रासमा व्यवसायीहरु रहेको भन्दै उक्त समस्यालाई यथाशक्य छिटो समाधानको पहल गर्न माग गरेको छ ।

एशोसिएसनले ऐनको दफा ८२ मा रहेको बाधा अड्काउ फुकाउ आदेश जारी गरी सय संख्या पुऱ्याउन नपाएका सबै व्यवसायीको लाइसेन्स नवीकरणको सुनिश्चितता हुनुपर्ने माग गरेको छ। एशोसिएसनले तत्कालका लागि बाधा अड्काउ आदेश जारी हुनुपर्ने र दीर्घकालीनरूपमा ऐन नै संशोधनका लागि पहल गरिदिन पनि महामन्त्री शर्माको ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी एशोसिएसनले इजाजतपत्रका लागि सरकारले अस्वाभाविकरूपमा धरौटी लिएकाले व्यवसायीलाई आर्थिक भार परेकाले अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन, कर्मचारी, कार्यालय व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग समन्वय गरी व्यवसायीले राखेको नगद धरौटीको ब्याज उपलब्ध गराउन पहल गरिदिन पनि आग्रह गरेको छ ।

एशोसिएसनले कृषिको विकास तथा सुरक्षित वैदेशिक रोजगारको प्रवन्ध एकसाथ हुनसकेमा मात्रै देशको अर्थतन्त्रले दीगो स्थायी समाधान पाउने भन्दै यसका लागि नेपाली कांग्रेस पार्टीले संस्थागतरूपमा छलफल अगाडि बढाउन महामन्त्री शर्माको ध्यानाकर्षण गराएको छ ।

एशोसिएसनले स्वदेशमा रोजगारीको सिर्जना हुन नसक्नु र बेरोजगार युवाहरुको ठूलो संख्या वैदेशिक रोजगारीमा निर्भर रहेको अवस्थामा सरकार परिवर्तनसँगै आउने नयाँ श्रममन्त्रीको महत्वकांक्षाले वैदेशिक रोजगार व्यवसायलाई अत्यन्तै कठिन अवस्थामा पुऱ्याएको पनि दाबी गरेको छ ।

त्यस्तै एशोसिएसनले नेपाल सरकार र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नीतिगत सहजीकरण गर्नुको सट्टामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्वार्थपूर्तिका लागि आउने एजेण्डाका पछि लागेकाले वैदेशिक रोजगार क्षेत्रमा तहसनहसको अवस्थामा पुगेको शिकायत पनि महामन्त्री शर्मासमक्ष गरेको छ ।

एशोसिएसनको माग सुनेपछि महामन्त्री शर्माले ऐनमा नै संख्या तोकेर वार्षिकरूपमा सय जना कामदार अनिवार्यरूपमा पठाउनुपर्ने बाध्यता सुन्दा नै अचम्म लाग्ने र अव्यवहारिक व्यवस्था भएकाले त्यसलाई दीर्घकालीनरूपमा परिवर्तन गर्ने र तत्कालका लागि संस्था नवीकरणका लागि सम्बन्धित मन्त्रीसमक्ष पहल गर्ने प्रतिबद्धता जनाएको पनि एशोसिएसनका अध्यक्ष दीपक थापाले जानकारी दिए ।

ज्ञापनपत्र बुझाउन अध्यक्ष थापासहित कार्यसमिति पदाधिकारी तथा कार्यसमिति सदस्यहरू पार्टी कार्यालय गएका थिए ।

**वकिलको...**

लिन पाउने, शुल्क लिँदा रसिद दिनुपर्ने विषयलाई कानूनमै राख्न खोजिएको हो ।

वकिल र पक्षबीचको समझदारीमा मुद्दाको प्रकृति गरेर शुल्क निर्धारण गर्न पाउने, बिगोका आधारमा शुल्क लिन, मुद्दा नै ठेक्का लिन नपाउने भनिएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार नयाँ ऐनमा कानून व्यवसायीको दायित्व साथै अधिकारलाई पनि परिभाषित गर्न खोजिएको छ ।

कानून व्यवसायी जमानत बस्न पाउने, कानून व्यवसायीमाथिको धाक, धम्की, आक्रमण अदालतको अवहेलना सरह मानिने लगायतका विषय विधेयकको मस्यौदामा राखिएको छ ।

वकिलले न्यायाधीश, फाँटवाला, कर्मचारीलाई फोन, एसएमएस गर्न नपाइने, बाहिर भेट्दा मुद्दाको सन्दर्भमा कुरा गर्न नहुने लगायतका विषय पनि विधेयकमा समेटिएको छ।

**साउदीमा रोजगार** AL-BRAHIM FACTORY FOR CEMENT PRODUCTS, SAUDI पूनः बिज्ञापन
पुर्व स्विकृति मिति: २०७९/०९/०६ चलानी नं. ६०१९३६४२. LT No. 278037

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 02 | काममा दक्ष | 1800 | 64202 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: २०८१ असार १४ गतेदेखि असार १८ गतेसम्म (28 June to 2 July 2024) मेनपावर कार्यालयमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: 10,000

INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.
Kalanki-13, Ktm. Phone: 01-4958728 LIC.NO. 424/060/061

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०३/०७

**बुद्ध एजुकेशनल एकेडेमी रुपन्देही प्रा.लि.**को मिति २०८१/०२/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कृष्णा युथ भिजन इंगलिस स्कुल प्रा.लि. (प्रा.लि. नं.: ८९५७४)** कायम गर्ने गरी मिति २०८१/०३/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**अत्यन्त जरूरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस D SQUARED GROUP PVT LTD (इ.प.नं. १५०५/०७४/०७५) ले ल्याएका डिमाण्डहरु बुझ्न यस प्रा.ली.को आधिकारी व्यक्तिसँग मात्र सम्पर्क गर्नुहोला। अन्य कसैसँग पनि वैदेशिक रोजगारीसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न हुन अनुरोध गरिन्छ । आर्थिक कारोबार गर्दा यस प्रा.ली.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे/गराएमा यस प्रा.ली. जिम्मेवार नहुने पनि यसै सूचनाद्धारा जानकारी गराउँदछौं। यस प्रा.ली.को नाममा कुनै अनाधिकृत व्यक्तिहरुले वैदेशिक रोजगार सम्बन्धी कारोबार गरे गराएमा यस प्रा.ली जिम्मेवार नहुने पनि यसै सूचनाद्धारा जानकारी गराउँदछौं ।

D SQUARED GROUP PVT. LTD.
Sinamangal, Shambhu Marga, Opposite to Police Beat, Kathmandu
Contact No.: 4495529, 4497767

हुण्डी कारोबारी फरार

# सशस्त्र र भन्सारबीच दोषारोपण

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ असार

श्रोत नखुलेको १४ लाख ८० रुपैयाँसहित पक्राउ परेका हुण्डी कारोबारी भन्सार कार्यालयबाट फरार भएका छन् ।

सशस्त्र प्रहरीको सरमुजवा बेस क्याम्पले बौधीमाई नगरपालिका वडा नम्बर ७ स्थित भन्सार गेटमा विआर ०५ विवि ६२१२ नम्वरको भारतीय नम्वरको मोटरसाइकल चेकजाँच गर्दा भारत पूर्वी चम्पारण जिल्ला झरौखर ७ जमुनियाका ३१ वर्षीय गजेन्द्र रायलाई पक्राउ गरेको थियो । पक्राउ परेका रायलाई आवश्यक कारबाहीको लागि गौर भन्सार कार्यालयमा बुझाइएको थियो, तर शौच गर्ने बहानामा भन्सार कार्यालयको बाउण्ड्रीवाल हाम फाली फरार रहेको जनाइएको छ ।



उनको साथबाट मोटरसाइकलको सिट मुनी लुकाइ राखेको १४ लाख ८० हजार रुपैयाँ बरामद गरिएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल नम्वर ११ गणले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'नगद र मोटरसाइकलसहित हुण्डी कारोबारी गजेन्द्रलाई बुझाउँदा मुद्दा नम्बर ७७१ मा दर्ता भएपछि हामी भन्सारलाई जिम्मा लगाएर त्यहाँबाट बाहिरिएका थियौं ।'

तर सशस्त्र प्रहरीले बुझाएको हुण्डी कारोबारी भन्सार कार्यालयबाट फरार भएपछि भन्सार प्रमुखले आफ्नो नियन्त्रणबाट फरार नभएको दाबी गर्दै सशस्त्र प्रहरीको नियन्त्रणबाट फरार भएको बताएका छन् ।

गौर भन्सार कार्यालयको प्रमुख अमरेन्द्र सिंहले भने, 'हामी अर्थ मन्त्रीज्यूको भर्चुअल मिटिङमा व्यस्त रहेको बेला एक्कासी यहाँबाट मानिस फरार भएको कुरा सुने, तर त्यस बेलासम्म हाम्रो नियन्त्रणमा थिएनन् ।'

हुण्डी कारोबारी फरार भएको जानकारी पाएपछि सो सम्बन्धमा सशस्त्र प्रहरी ११ नं गणका गणपति बिक्रम हुमागाईंसँग सम्पर्क गर्दा सम्पर्क हुन सकेको छैन ।

# पत्रकारिताको जग बलियो बनाउन महानगर सहयोग गर्न तयार छ : महानगर प्रमुख सिंह

**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, ६ असार

वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले पत्रकारिताको जग बलियो बनाउन महानगर सधैं सहयोग गर्न तयार रहेको बताएका छन् । बिहीबारदेखि शुरु भएको तीनदिने आम सञ्चारकर्मीलाई क्षमता अभिवृद्धि तालिमको उद्घाटन गर्दै उनले पत्रकारको क्षमता वृद्धिका लागि सहयोग गर्न महानगर सधैं तयार रहेको बताएका हुन् ।

मर्यादित पत्रकारिता आजको आवश्यकता रहेको भन्दै उनले वीरगञ्जको पहिचान वृद्धि गर्ने गरी समाचार सामग्री पस्कन आग्रह गरे । कसैको व्यक्तिगत जीवनमा पसेर उसको चियो चर्चो गर्नुभन्दा समाज र सामाजिक समस्यालाई उठान गर्न पत्रकारहरु लागिपर्नुपर्नेमा उनले जोड दिए । काम गर्दा त्रुटि भए सुधार गर्न आफू जहिल्यै पनि तयार रहेको भन्दै उनले गरेका काममा खोँचे थाप्नु भन्दा त्रुटि औंल्याएर सच्चिने वातावरण बनाउन पत्रकारहरुले कलम चलाउनु उचित हुने बताए ।

कार्यक्रममा वरिष्ठ पत्रकार चन्द्र किशोर झाले अहिले राम्रा र मिहिनेती पत्रकारको खाँचो रहेको बताए । सञ्चारकर्मीको काम सही बाटो देखाउने रहेको भन्दै उनले कहिल्यै पनि विरोधी जसरी प्रस्तुत हुन नहुने बताए । उनले भने, 'सञ्चारकर्मीको काम बाटो देखाउने हो, विरोधीको रुपमा प्रस्तुत हुने होइन, बरु समालोचक बन्ने हो ।'

कार्यक्रममा पत्रकार महासंघ पर्साका अध्यक्ष अनुप तिवारीले पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि महानगरले गरेको सहयोगको प्रशंसा गरे । महानगरपालिकाको आम सञ्चार प्रवर्द्धन समितिका संयोजक ध्रुव अधिकारीले पर्सेली पत्रकारितालाई मजबुत बनाउन महानगरपालिकाले ठूलो लगानी गरिरहेको बताए । पत्रकारको क्षमता अभिवृद्धि, ज्येष्ठ पत्रकार पेन्सन योजना, पत्रकार विपत् कोष, लोककल्याणकारी विज्ञापन वितरण तथा अन्य विभिन्न कार्यक्रम सञ्चालन गरेर यहाँका पत्रकारहरुलाई मजबुत बनाउने काम महानगरले गरिरहेको उनको भनाइ थियो ।




मधेश खबरका सञ्चालक क्रान्ति साहको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन श्याम सर्राफले गरेका थिए भने सञ्चारकर्मी माधुरी महतोको स्वागत मन्तव्य रहेको थियो । मधेश खबर मल्टिमिडिया प्रा.लि.को आयोजनामा शुरु भएको प्रशिक्षण कार्यक्रममा यहाँका विभिन्न सञ्चारमाध्यममा कार्यरत २५ जना सञ्चारकर्मीको सहभागिता रहेको छ ।

# हिमामा दुईदिने पढाइ मेला



**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ६ असार

जुम्लाको हिमा गाउँपालिकाले दुईदिने पढाइ मेला शुरु गरेको छ । गाउँपालिकाले पालिकास्तरीय दोस्रो पढाइ मेला आयोजना गरेको हो । बालबालिकाका प्रतिभा, सिर्जना र सीपलाई पहिचान गर्नका लागि दुईदिने पढाइ मेला आयोजना गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मण बहादुर शाहीले जानकारी दिए । पढाइ मेलामा पालिकाभरका विद्यालयहरु सहभागी भएका छन् ।

मेलामा विद्यालयहरुले विद्यार्थीहरुमार्फत आफ्ना सिर्जना, सीप र कला प्रतिभाहरु प्रदर्शन गरेका छन् । पढाइ मेलाको प्रमुख अथिति समेत रहेकी नेपाली कांग्रेसकी केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य रुपा विकले शिक्षा क्षेत्रमा हिमा गाउँपालिकाले गरेका काम सबैका लागि अनुसरणयोग्य रहेको बताइन् । उनले सामुदायिक विद्यालयको शिक्षा सुधारका लागि स्थानीय सरकारले रचनात्मक काम गरेको बताइन् ।

संविधान सभा सदस्य तथा नेपाली कांग्रेस कर्णाली प्रदेशका सभापित ललितजंग शाहीले शिक्षा सबैका लागि महत्वपूर्ण रहेको बताउँदै शिक्षाबिना कुनै पनि विकासको अर्थ नहुने बताए । उनले हिमाले गरेको पढाइ मेलाले शैक्षिक गुणस्तरमा सुधार आउने विश्वास व्यक्त गरे । त्यस्तै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले हिमा गाउँपालिकाले सिर्जनात्मक र नयाँ कामको शुरुवात गरेको बताए । उनले पढाइ मेला विद्यार्थीको प्रतिभा पहिचान गर्ने र उनीहरुको ज्ञान सीपको सम्मान गर्ने थलोको रुपमा रहने बताए ।

हिमा गाउँपालिका-२ काइरेलीस्थित हिमा आधारभूत विद्यालयका प्रधानाध्यापक शान्ति शाहीले आधारविकासको आधारशिला नै शिक्षा भएकाले पढाइ मेला सञ्चालन गरेर गुणस्तरीय शिक्षा प्रदान गरिने बताइन् । उनले बालबालिकाको भविष्य घर आँगनमा नै तयार पार्ने गरी शिक्षाको जग बसाल्ने प्रयास हिमा गाउँपालिकाले गरेको बताइन् । गाउँपालिकाकी उपाध्यक्ष सुर्पना शाहीले पढाइ मेलाले शिक्षा क्षेत्रको गुणस्तर कायम गर्नुका साथै विद्यालयको पँहुच बाहिर रहेका बालबालिकाका लागि पनि प्रेरणाको स्रोत बन्ने अपेक्षा रहेको बताइन् । हिमा गाउँपालिकाले सामुदायिक विद्यालय सुधार, बालबालिकाको प्रतिभा पहिचान तथा व्यवहारिक शिक्षाका लागि नयाँ अभ्यास गर्दै आएको छ । बिहीबारसम्म चल्ने पालिकास्तरीय पढाइ मेलामा शिक्षालाई व्यवहारिक एवम् सीपसँग जोडेर शिक्षक, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउने उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ ।

हिमा गाउँपालिका-१ रुपाकोट आधारभूत विद्यालयमा आयोजित पढाइ मेलामा पालिकाका सात वडाका सबै विद्यालयले विभिन्न शैक्षिक स्टल राखेका छन् । मेलामा स्थानीय स्रोत साधनको प्रयोग गरी निर्माण गरेका कृषि सामग्री, विद्यार्थीहरूले आफैं निर्माण गरेका सिर्जनात्मक सामग्रीहरू-कथा, कविता, निबन्ध, गीत, चित्रकला, हस्तकलाका सामग्री, अन्नबाट बनाइएको नेपालको नक्सा, डोजर, जहाज, हलोलगातका विभिन्न सामग्री प्रस्तुत गरिएको छ ।

**घोर्सानै सव-रेमिट प्रा.लि.को**

**हकदावी गर्न आउने बारे ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०१/०३ मा दर्ता भएको **प्रा.लि. नं. १११५७४/०६९/०७०** को **घोर्सानै सव-रेमिट प्रा.लि.** को मिति २०८१/०३/०५ गतेको विषेश साधारण सभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबै को जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः अधिवक्ता संजय कुमार साह, ईजाजत प्र.प.नं. ३९१**
**थापागाउँ, काठमाडौं, सम्पर्क नं. ९८४१४४९३३८, इमेलः** advsanjay200@gmail.com

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६/०२/०८ मा दर्ता भएको **पेमा तासी छ्युलिङ्ग धोम्बो कासुङ ऋसुम धुन्जा यातायात प्रा.लि. (प्रा.लि. नं. २१५७४०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**Urgently Required**

A well established foreign employment company is looking for the following staff.

**Accountant (M/F) | 2 Nos.**

**Requirements:**
- Should have good communication skill.
- Should have computer knowledge.
- Education: Account Background/BBA degree holder.
- Minimum one year + experience in as accountant.
- Also person who have done internship in account sectors like bank, Cooperative, HR (Manpower) etc. can apply.

**Public Relation Officer (M/F) | 6 Nos.**

**Requirement :**
- Preparing all the documents needed to Obtain Pre and Final Approval & Liaising with Department of Foreign Employment.
- Should be familiar with the Online Systems.

**Salary is Negotiable**

*Interested candidates may apply their application with a covering letter, up-to-date CV and recent photograph to the email address **careers@thinkbiz.com.np** within 7 days.*

ThinkBiz
Gov.Lic.NO. 1608/079/080
**THINK BIZ INTERNATIONAL PVT.LTD.**
Subhidhangar Marg, Tinkune, Kathmandu
Tel : 01-5914635
Web: www.thinkbiz.com.np

**पूर्वाधार विकास कार्यालय**
**विराटनगर, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश**

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुङ्गे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरू थोरै लगानीको मर्मत सम्भारले भैरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरुपमा पालना गरौं ।
- सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरुको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरून्त खबर गरौ ।
- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरुवा रोपौ ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्ड अनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मिति : २०८१/०३/०७**

यस वित्तीय संस्थाको शाखा कार्यालय धनगढी बाट तपशिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तीय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तीय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानून बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तीय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा ८ औं दिन वा सो दिन बिदा परेमा त्यसैको लगत्तै कार्यालय खुलेको को दिन दिउसो १:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तीय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ । साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धीत ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपशिल**

**१. ऋणीको विवरण**

**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**

**ऋणीको नाम :** नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग वाणिज्य कार्यालय धनगढींमा मिति २०६९/०९/२६ गते, प्रा.फ.र.नं. १७७२१/०६९/७० मा दर्ता भएको, स्थायी लेखा नं. ६००९२५८१३ भई कैलाली जिल्ला, धनगढी न.पा वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री सृष्टी कृष्णा ट्रेडर्स एण्ड सप्लायर्स ।**
**(प्रोप्राइटर : भोज राज जोशी )**

**व्यक्तिगत जमानि दिनेहरुको विवरण**

| **प्रोप्राइटर व्यक्तिगत जमानिकर्ता : भोज राज जोशी** | **व्यक्तिगत जमानिकर्ता : कृष्णा विष्ट (जोशी)** |
|---|---|
| बाबु : राम प्रसाद जोशी<br>बाजे : ठगि दत्त जोशी<br>ना.प्र.नं. : ३०३३२<br>जारी मिति : २०५६/०३/१५, जि.प्र.का : कैलाली<br>ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा/गा.वि.स वडा नं. ०५, को परिवर्तित कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. ०५ । | बाबु : महादत्त विष्ट<br>पति : भोज राज जोशी<br>ना.प्र.नं : १०२०/११७७०<br>जारी मिति : २०६८/०४/१५, जि.प्र.का : कैलाली जिल्ला<br>ठेगाना : कैलाली जिल्ला, धनगढी उ.म.न.पा/गा.वि.स वडा नं. ०५, को परिवर्तित कैलाली जिल्ला, धनगढी उ.म.न.पा वडा नं. ०५ । |

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण**

श्री भोजराज जोशीको नाममा मा.पो.का धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, धनगढी गा.वि.स/न.पा. वडा नं. ५, नक्सा सिट नं. ०२७०६९०३ स्थित कि.नं. १५९ र कि.नं. ८५ को क्षेत्रफल क्रमशः ०-०-०-० (१६५.०० व.मि) र ०-०-०-० (१३०.०० व.मि) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तीय संस्थाको निणर्य अन्तिम हुनेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तीय संस्थाले लिन सक्ने छ ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ०७ औं दिन (सो दिन विदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तीय संस्थाको केन्द्रीय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ । लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनछे ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय, नयाँ बानेश्वर, काठमाडौं ।
**समय :** दिउसो १:०० बजे, **मिति :** २०८१/०३/१४ ।

**हार्दिक शुभकामना**

१०औं विश्व योग दिवसको
हार्दिक मंगलमय शुभकामना ।



मा अन्तरवीणा-स्वामी ध्रुव

आयोजकः सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्कः ९८४३४७४३९७

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon
Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonsmos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
७ असार २०८१, शुक्रबार
21 June 2024, Friday

सम्पादकीय

## राजदूतले बोक्ने झण्डा

सत्ता साझेदार दलका प्रमुख नेताहरूको बिहीबार बसेको बैठकले ११ देशमा पठाइने राजदूत भागबण्डा गरेको छ । गत २४ जेठमा फिर्ता बोलाइएका भारत, बेलायत, साउदी अरेयिबा, दक्षिण कोरिया, मलेसिया, स्पेन, डेनमार्क, राजरायल, कतार र पोर्चुगल पठाइने राजदूतहरू भागबण्डा गरिएको हो । नेताहरूका अनुसार नेकपा एमालेले ८, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले २ र नेकपा माओवादी केन्द्रले १ राजदूत सिफारिस गर्नेछन् । दलहरूले पठाएका राजदूतहरूलाई सरकारले सम्बन्धित देशका लागि सिफारिस गर्नेछन् । सरकारको निर्णयलाई संसदीय सुनुवाइ पछि राष्ट्रपतिले नियुक्त गर्नेछन् । राजदूतहरूले कार्यकाल पुरा गरेर फर्किएकाले रिक्त भएकाले भागबण्डाको निर्णय गरिएको होइन । बरू सत्ता समीकरण फेरिएकाले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफैले सिफारिस गरेका राजदूतहरू फिर्ता गर्ने निर्णय लिएका हुन् ।

किनकि प्रधानमन्त्री प्रचण्डले गत वर्ष फागुनमा नेपाली कांग्रेससँग सत्ता समीकरण गरेका थिए । त्यसैले कांग्रेसको सिफारिसमा यी ११ देशमा राजदूत नियुक्त भएका थिए । तर कांग्रेससँगको समीकरण टिक्न सकेन । गत फागुनमै फेरि एमालेसँग सत्ता समीकरण गर्ने प्रधानमन्त्री प्रचण्डले निर्णय लिए । अर्थात् अहिले रिक्त गरिएका राजदूतहरू कांग्रेस निकट हुन् । कांग्रेस कोटाका सबै राजदूत फिर्ता गरिएसँगै अब कुटनैतिक क्षेत्रमा सत्तारूढ नेताहरूले भरिएका छन् । तर अहिले नियुक्त गरिन लागेका राजदूतहरू कहिलेसम्म रहला भन्ने प्रष्ट छैन । यदि सत्ता समीकरण फेरिए अथवा सत्ता ढल्यो भने संसारभर रहको नेपाली दूतावास रिक्त गरिनेछ ।

यसरी सत्ता फेरिदा अथवा सत्ता समीकरण फेरिदा राजदूत परिवर्तन राजनीतिक प्रचलन नै बनिसक्यो । कुनैपनि देशमा मुलुकको प्रतिनिधित्व गरेर जानुपर्ने राजदूत कुनै निश्चित दलको झण्डा बोकेर जाने परम्पराले आजपर्यान्त निरन्तरता पाउँदै आएको छ । सरकार फेरिनासाथ प्राथमिकतामा राखेर राजदूत हटाउने र नयाँ नियुक्त गर्ने काम सरकारले गर्दै आएको छ । यसपटक समीकरण फेरिएको लामो समय हुँदा पनि राजदूत नफेरिएकोमा सत्तारूढभित्र खटपट समेत देखिएको थियो । यद्यपि प्याकेजमा सहमति जुटाउने क्रममा प्रधानमन्त्रीले राजदूतहरूको भागबण्डा गरेका छन् । तर राजदूत हटाउने र नियुक्त गर्ने यस्तो स्वार्थको राजनीतिले मुलुकको कुटनीति भने कमजोर बनिरहेको छ । यसतर्फ अहिलेसम्म ध्यान दिइएको छैन । गणतन्त्र स्थापनापछि दलहरूले कुटनैतिक सम्बन्ध भएका मुलुकहरूमा कार्यकर्ता पठाउने प्रवृत्तिलाई निरन्तरता दिदै आएका हुन् । अर्थात् गणतान्त्रिक प्रणालीप्रति समेत राजदूतबारे भइरहेकाले निर्णयले प्रश्न उठ्नु स्वभाविक हो । त्यसैले अब दलको नभएर मुलुकको राजदूत नियुक्त गर्ने प्रणाली स्थापनाको बहस गर्न आवश्यक छ ।

# ‘एक चीन’ नीति र नेपाल कूटनीति

*चीन र भारतका लागि शक्ति आर्जनका दृष्टिले नेपाल निकै महत्वपूर्ण भूमि हो । त्यसैले पनि नेपालमा अन्य शक्ति राष्ट्रको प्रभाव बढेर आफूलाई असर नगरोस् भन्नेमा चीन सधैँ सतर्क देखिन्छ ।*

अग्रलेख



● टंककला तिमिल्सेना



दोस्रो विश्व युद्धको औपचारिक समाप्ति सन् १९४५ मा भयो । यस युद्धको समाप्तिका लागि विभिन्न देशहरूबीच थरिथरिका सम्झौता पनि भए । शक्ति सङ्घर्षको चरम अवस्थामा एक देशले अर्कोमाथि शासन कायम राखेको थियो । यस समय फौजी शक्तिको बलमा विभिन्न देशहरूले कति क्षेत्र पूर्ण कब्जामा राखे भने कतिपय क्षेत्रहरूमाथि प्रशासनिक अधिकार कायम राखे । तर, विश्वयुद्धको समाप्तिसँगै उपनिवेशका सबै क्षेत्रको राज्य प्रशासनिक निश्चितता कायम गरियो । अनि विश्व नयाँ यात्रामा अघि बढ्यो । तर, कुन क्षेत्रमाथि कसको अधिकार कति, सबै तोकिए पनि यसको कार्यान्वयनमा सधैं कठिनाइ भइरह्यो । सोही कारण विश्व युद्ध समाप्ति भए पनि विश्वमा अमन चयन र शान्ति कायम हुन सकेन । अहिले पनि विश्व शक्ति राष्ट्रहरू आफ्नो अधिपत्य कायमका लागि एकले अर्कालाई कसरी कमजोर बनाउन सकिन्छ भन्ने ध्याउन्नमै छन् । अहिले पनि ‘फुट ल्याउ, राज गर’ भन्ने नीतिगत अस्त्र प्रयोगमै छन् विश्व शक्ति राष्ट्रहरू ।

विश्व शक्ति राष्ट्रका रूपमा उदय हुँदै गरेको चीन पनि अहिले ‘फुट ल्याउ, राज गर’ अस्त्रबाट प्रभावित देखिन्छ । त्यसैले चीन विश्वमा ‘एक चीन’ नीति बलियो बनाउने रणनीतिक अगाडि बढेको छ । यसैकारण नेपालमा चीनका कूटनीतिक गतिविधिले तीव्रता पाएको छ । नेपालमा चीनको उच्चस्तरीय राजनीतिक भ्रमण बढ्दो क्रममा छ । चीनका नीतिहरू प्रति बलियो प्रतिबद्धता र थप विश्वासको वातावरणका लागि चीनले नेपालमा कूटनीतिक सक्रियता बढाएको बुझ्न कठिन छैन । एक हप्ताभित्रै चीनको दुई उच्चस्तरीय टोलीले सरकारका उच्च पदस्थहरूसँग गरेको भेटबाट पनि चीनको सक्रियता बढेको बुझाउँछ नै ।

पछिल्ला वर्षहरूमा चीनमाथि ‘एक चीन’ नीतिलाई जोगाई राख्ने चुनौति थपिँदै गएको छ । विश्व राजनीतिका विश्लेषकहरूका कुरा सुन्ने हो भने तिब्बतप्रति भारतको रणनीति अनि ताइवानसँग अमेरिकी सम्बन्धले एक चीन नीतिमाथि चुनौति थपिएको छ । त्यसैले पनि चीन अन्य मुलुकसँग एक चीन नीतिप्रतिको प्रतिबद्धतालाई थप बलियो बनाउनका लागि कूटनीतिक अभ्यासमा सक्रिय छ । यही अवस्थाका बीच कूटनीतिक अभ्यासबाट राजनीतिक सन्तुलन बढाउनकै लागि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’सँग चिनियाँ जनराजनीतिक परामर्शदात्री सम्मेलन (सीपीपीसीसी)का उपाध्यक्ष बार्टरले गएको आइतबार शिष्टाचार भेट गरे । यस अघि पनि निरन्तर उच्चस्तरीय भेटवार्ता चलिरहेकै थिए । आइतबारको उच्चस्तरीय भेट सकिएको तीन दिनमै गएको बुधबार चिनियाँ सर्वोच्च अदालतका न्यायाधीशले नेपालमा उच्चस्तरीय भ्रमण गरे । प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको निमन्त्रणामा नेपाल आएका चीनको सर्वोच्च जनअदालतको न्याय निर्णय समितिका न्यायाधीश एवम् पूर्णकालिक सदस्य लिउ गुइसियाङले सर्वोच्चका न्यायाधीशसँग समेत भेटवार्ता गरे । सर्वोच्चमा भेटवार्तापछि उनले सोही दिन कानूनमन्त्री पदम गिरीलाई समेत भेटे । भेटको अवसरमा मन्त्री गिरीले न्यायाधीश गुइसियाङको नेपाल भ्रमणप्रति खुशी व्यक्त गरे । नेपाल र चीनबीच सदियौंदेखि रहि आएको सौहार्द्रपूर्ण एवं घनिष्ठ सम्बन्धका बारेमा चर्चा गर्दै उनले नेपाल एक चीन नीतिप्रति पूर्ण प्रतिबद्ध रहेको कुरा व्यक्त गरेको बताइएको छ । यस्तै, मित्रराष्ट्र चीनका न्यायाधीशले एक चीन नीतिप्रतिको नेपालको प्रतिबद्धताको प्रशंसा गरेको बताइएको छ ।

### चीनको उद्देश्य र सक्रियता

नेपाललाई उच्च प्राथमिकतामा राख्दै सम्बन्ध स्थापित गराउने ध्याउन्नमा छ, चीन । पछिल्लो समय अमेरिकाले भारतमा निर्वासित जीवन बिताइरहेका दलाई लामालाई भेटेर तिब्बतको स्वतन्त्रताको विषय उठाएर विवाद ल्याउने

*विश्व शक्ति राष्ट्रका रूपमा उदय हुँदै गरेको चीन पनि अहिले 'फुट ल्याउ, राज गर' अस्त्रबाट प्रभावित छ । त्यसैले चीन विश्वमा 'एक चीन' नीति बलियो बनाउने रणनीतिमा अघि बढेको छ । नेपालमा चीनका कूटनीतिक गतिविधिले तीव्रता पाउनुको पछाडि पनि यिनै कारण जोडिएको पाइन्छ ।*

काम गरिरहेको छ । यस्तो अवस्थामा नेपाल चीनका लागि निकै संवेदनशील क्षेत्र बनेको छ । अझ, दक्षिण एसियामा आफ्नो प्रभुत्व जमाउँदै विश्व राजनीतिमा नम्बर एकका रूपमा उदय हुने उद्देश्य चीनको छ । अनि, भारतपनि सोही बाटोतर्फ अग्रसर देखिन्छ । त्यसैले पनि राजनीतिक, आर्थिक, सामाजिक तथा सैनिक होडबाजीमा लागि परेका छन्, चीन र भारत । चीन र भारतको बीचमा छ नेपाल । त्यसैले पनि चीन र भारतले लिएको सुरक्षा नीतिको चेपुवामा नेपाल परी नै रहेको छ ।

### नेपाल-चीन : सामरिक महत्व

नेपाल सामरिक महत्वका दृष्टिले चीन र भारतका लागि निकै संवेदनशिल मुलुक हो । नेपाल उच्च संवेदनशीलता बोकेको मुलुक हुनुको कारण हो, उत्तरमा कम्युनिष्ट मुलुक चीनसँग नेपालको सीमा करिब एक हजार दुई सय ३६ कि.मि. र दक्षिणमा लोकतान्त्रिक मुलुक भारतसँग एक हजार छ सय ९० कि.मि. सीमाना जोडिनु । अनि, चीनको स्वशासित राज्य तिब्बतसँग नेपालको सम्बन्ध भौगोलिक, सामाजिक, धार्मिक एवम् ऐतिहासिक र व्यापारिक हुनु । यसै कारण चीन आफ्नो भित्री सुरक्षा घेरामा रहेको तिब्बतभित्र नेपाललाई प्रयोग गरी विश्व वा क्षेत्रीय शक्तिहरूले चीन विरोधी घुसपैठ कुनै हालतमा गर्न नपाओस् भन्ने चाहन्छ । चीनको अन्वेषणअनुसार तिब्बतलाई चीनबाट अलग गर्न स्वतन्त्र तिब्बतको नारा बोक्ने विदेशी शक्तिबाट सञ्चालित अराष्ट्रिय तत्वहरूले नेपाललाई प्रयोग गर्ने कोसिस गरिरहेका छन् । उनीहरू नेपाल, भारत र अन्य छिमेकी मुलुकमै छन् भन्ने दाबी चीनको छ । अझ दलाई लामालगायतको समूहलाई त चीनले भारत र अमेरिकाको इसारामा सदियौंदेखि चीनविरुद्ध लागेको अभिव्यक्ति प्रत्यक्ष-अप्रत्यक्ष दिइरहेको छ । त्यसैले तिब्बतका विषयमा चीनका लागि भारत टाउको दुखाईको पक्ष हो ।

### युद्धका अवशेष र एक चीन नीति

घटनाक्रमलाई सरसर्ती हेर्दा, दोश्रो विश्व युद्धपछि विश्व दुई ध्रुवमा विभाजित देखिन्छ । युद्धताका नेतृत्वमा थिए दुई शक्तिशाली राष्ट्रहरू अमेरिका र रुस । उनीहरूबीच वाक युद्ध थियो । उनीहरू अन्य देशलाई आफ्नो पकडमा राख्न साम, दाम, दण्ड, भेद सबै प्रयोग गरिरहेका थिए । त्यस समय नेपालमा अमेरिकी प्रभाव बलियो देखिन्थ्यो । नेपालमा अर्थ कूटनीतिको प्रयोग अमेरिकाले राम्रै गरेको थियो । अझ, अमेरिकाले ‘पिस कोर’का नाममा नेपालको उत्तरी क्षेत्रहरूमा आफ्ना सीआईए एजेन्टहरू खटाएको थियो । उनीहरूको काम भनेको चीनको सुराकी गर्दै तिब्बतमा चीनविरुद्ध लहर फैलाउने अनि अशान्ति मच्चाउने । चीनको दाबीअनुसार सीआईए एजेन्टहरूले चीनविरुद्ध लगाउन तिब्बतीहरूलाई आर्थिक तथा सैनिक सहयोग गर्दथे । यो विषय चीनका लागि संवेदनशील थियो । यसरी नेपाली भूमीलाई अमेरिकाले प्रयोग गर्दै चीनविरुद्ध लागेको बुझाई चीनको हुँदा त्यस बेला पनि नेपालप्रति चीनको असन्तुष्टि थियो । अनि समय-समयमा नेपाल-चीन सम्बन्धमा तिक्तता उच्च बन्ने गरेको थियो ।

हुनत, नेपाल विगतदेखि नै ‘तटस्थ’को नीति अवलम्बन गर्ने मुलुक हो । नेपालको परराष्ट्र नीतिले समेत तटस्थताको सिद्धान्त अवलम्बन गरेको छ । तर, अहिलेको विश्व परिवेश र चीनको संवेदनशीलता हेरेर नेपालले ‘एक चीन नीति’मा औपचारिकरूपले प्रतिबद्धता जनाउँदै आएको छ । नेपालको प्रतिबद्धताका बाबजुद पनि नेपालमाथि शक्ति राष्ट्रहरूको विभिन्न क्षेत्रबाट प्रभाव परिरहेकाले एक चीन नीतिमा केही हदसम्म असर परिरहेको चीनको बुझाई थियो र छ । नेपाल सार्वभौमसत्ता सम्पन्न मुलुक हो । तर, सामरिक हिसाबले चीन र भारतका लागि शक्ति आर्जनका दृष्टिले नेपाल निकै महत्वपूर्ण र संवेदनशील छ । त्यसैले पनि नेपालमा अन्य शक्ति राष्ट्रको प्रभाव बढेर चीनलाई असर नगरोस् भन्नेमा चीन सधैं सतर्क छ । भारतमा नरेन्द्र मोदी लगातार तेस्रो कार्यकालका लागि मुलुकको नेतृत्वकर्ताका रूपमा स्थापित हुनु अनि अमेरिका र मोदीको निकटता बढ्नुले चीन नेपालप्रति चनाखो छ । भारतसँग नेपालको आर्थिक मात्रै होइन सांस्कृतिक, ऐतिहासिक सम्बन्ध छ । यसले पनि चीनलाई कूटनीतिक सक्रियता बढाउन आवश्यक बनाएको देखिन्छ ।

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटवाल**

कानुन जस्तो बनेपनि पूर्व हुन वा बहालवाला न्यायाधीश र वकिलहरूको सम्पत्ति छानबिन गर्ने व्यवस्था नभसम्म समयमै न्याय पाउन कठिन छ । कतिपय फैसला ‘मरेपछि औषधि’ भने जस्तै भएका छन् । पेशी बल्लतल्ल आएपनि चिया पसलमा बसेर बिरामी भए भन्दै पेशी स्थगित गर्ने वकिल धेरै छन् । मुद्दा लम्ब्याउने वकिलै हुन् ।



**- मुमाराम खनाल**

विषय केन्द्रित सिमित लेखक बाहेक अलिकति भाषामा दखल राख्ने अखबारी लेखकहरूले खास भन्नुपर्ने विषय एक ‘प्याराग्राफ’ हुन्छ । तर, लेखमा भएभरिको व्यक्तिगत भडासले तीन हजार शब्द ओगटेको हुन्छ । यस्ता लेखकले अखबार र अनलाइनको ठाउँ ओगट्नुभन्दा ट्विटरमा एक सय ८० अक्षर टाँसिदिए भैहाल्यो नि !



**- बिमल पोखरेल**

बजेटमाथिको छलफल समय र पैसाको बर्बादी हो । बजेटमा एक अक्षर र एक रुपैयाँ पनि फेरबदल हुँदैन । यस्तो खत्तम, बेकारको छलफल किन हुन्छ भनेर कहिल्यै बुझिएन । संसद भनेको खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो भनेर त्यसै भनिएको होइन । बजेटको बकबास बन्द गरेर विधेयक पारित गर्दा हुन्छ ।



**- उत्तमबाबु श्रेष्ठ**

‘नखाएको वीष लाग्यो’ भन्ने न्यारेटिभ केन्द्रदेखि तलसम्म यति विषाक्तरूपमा फैलिएको रहेछ कि जुनसुकै समस्यामा पनि जलवायु परिवर्तन कारक ठान्ने र विदेशीले गर्दा हामीले यो असर पर्‍यो उ असर पर्‍यो भन्दै अनुमानित कुरा गरिदिने तर, डाँडा कोतर्न, स्रोतको दोहन गर्न भने नछोड्ने ।

# के करोडपति बन्न सकिन्न ?

विचार



● अचुतकुमार ओझा

वित्तीय साक्षरताको प्रशिक्षणका सिलसिलामा केही महिनाअघि राजधानीको एक विद्यालयका विद्यार्थीले गरेको प्रश्न आजसम्म पंक्तिकारको मानसपटलमा गुञ्जिरहेको छ, ‘के म पनि करोडपति बन्न सक्छु ?’ त्यो १० वर्षको अबोध बालकलाई पंक्तिकारले त्यतिखेर भनेको थिएँ, अवश्य तिमीहरू भाग्यमानी छौ, सानो उमेरमै वित्तीय ज्ञान थाहा पाइरहेका छौ, थप कम्पाउडिङ्गको शक्ति थाहा पाउन सकियो भने प्रत्येक महिना केवल रु पाँच हजार अर्थात् एक वर्षमा रु ६० हजार लगानी गरेर वार्षिक १२ प्रतिशत प्रतिफल निकाल्न सक्ने हो भने सजिलै तिमी ३० वर्षमा करोडपति बन्न सक्छौ । यदि ३६ वर्ष तिमी कुर्न सक्छौ भने रु एक करोड ९७ लाखको मालिक हुनेछौ । प्रतिफल दर र लगानी रकम बढाउन सक्ने हो भने त्योभन्दा अगाडि नै करोडपति हुन सकिन्छ । उक्त कक्षामा दिएको जवाफ र देखाएको टेबल विद्यार्थीहरूले बुझे बुझेनन् थाहा छैन । उनीहरूमा धैर्यता र दृढता हुर्काउन सकियो सकिएन भन्न सक्दिनँ, तर सो बालकको प्रश्नले हरेक व्यक्ति कसरी करोडपति बन्न सम्भव छ भन्ने विषयले घोची नै रहेको छ ।

लगानीमा समय यति धेरै शक्तिशाली हुन्छ, जसले प्रत्येक व्यक्तिलाई कुर्न सक्ने हो भने करोडपति बनाउन सक्ने ल्याकत राख्छ । संसारका असाधारण लगानीकर्ता भनेर कहलिएका वारेट बफेटका सम्बन्धमा दुई हजारभन्दा बढी पुस्तक लेखिएको छ । बफेट धनी हुनुमा उनको अब्बल लगानी कला मात्रै नभई नाबालक हुँदादेखिकै अब्बल लगानी हो भन्ने सारांश रहेको भेटिन्छ । बफेटले १० वर्षको उमेरमा लगानी सुरूवात गरेर त्यसलाई फैलाउँदै आफू ३० वर्षको हुँदा एक मिलियन डलर बनाइसकेका थिए ।

वास्तवमा उनी उत्कृष्ट लगानीकर्ता मात्रै नभई धीर पनि थिए । उनले अहिले जीवनको नौ दशक पूरा गरी रहँदा आठ दशक अर्थात् जीवनको करिब ९० प्रतिशत समय लगानीमा बिताइसकेका छन् । ‘धन सम्पत्तिको मनोविज्ञान’ किताबका लेखक मोर्गन हउजलका अनुसार बफेट सफल लगानीकर्ता त हुन तर, संसारकै उत्कृष्ट लगानीकर्ता भनेर भन्न सकिँदैन । सन् २०२० मा उनले लेखेको उक्त पुस्तकमा बफेटले लगानीमा औसत प्रतिवर्ष २२ प्रतिशत प्रतिफल पाउने गरेको बताएका छन् । त्यस समयमा उनको सम्पत्ति ८४.५ बिलियन डलर थियो । यदि उनले ६० वर्षमा लगानी गर्न छोडिदिएका भए ११.९ मिलियन मात्रै हुन सक्थ्यो । जुन पुस्तक लेख्दै गरेको समयको करिब ९९.९ प्रतिशत कम हुने थियो । यसको मूल कारण उनको लगानी कुशाग्रता हो तर, वास्तविकता भनेको समय हो । यथार्थमा कम्पाउडिङ्ग यस्तै काम गर्छ ।

लेखकका अनुसार बफेटले वार्षिक २२ प्रतिशत लगानीमा प्रतिफल निकाल्दै गर्दा हेज फन्ड रिनेसांस् टेक्नोलोजिका प्रमुख, जिम साइमन्सले सन् १९८८ बाट लिएर ६६ प्रतिशत प्रतिवर्षको दरले धनको कम्पाउडिङ्ग गरे । उक्त किताब लेख्दै गर्दा उनको सम्पति २१ बिलियन थियो तर, बफेटले त्यसको एक तिहाई मात्रै प्रतिफल निकाल्दै गर्दा समेत साइमन्सको भन्दा ७५ प्रतिशत बढी कमाउन सफल भए । बफेटभन्दा करिब तीन गुणा बढी प्रतिफल निकाल्न सकेर पनि उनी किन कम धनी भए । यसको मूलकारण साइमन्नले ५० वर्षको उमेर पुगेपछि लगानी थालेका थिए । यसले गर्दा उसँग बफेटको जस्तो लामो समय कम्पाउडिङ्ग गर्ने सुविधा थिएन त्यसैको परिणाम दुईबीच यति धेरै सम्पतिको अन्तर पर्न गएको हो । यदि बफेटले जस्तै साइमन्नले पनि लगानी गर्न सकेको भए त्रिसट्ठी क्विन्टिलियन नौ सय क्वाड्रिलियन सात सय एकासी ट्रिलियन सात सय असी बिलियन सात सय ४८ मिलियन र एक सय आठ हजार डलर हुने थियो ।

यी आँकडा हास्यास्पद र अव्यावहारिक देखिन्छन् तर, कम्पाउडिङ्गका कारण यस्तै आँकडाहरूलाई देखाउन सक्छन् । तसर्थ, प्रत्येक व्यक्ति करोडपति बन्न सक्छ र धनी पनि हुनसक्छ तर, लगानीमा धैर्यता सबैभन्दा ठूलो ईश्वरीय बरदान हो यसलाई सबैले बुझ्न सकेमा धनको महत्वपूर्ण नियम थाहा पाई सफल लगानीकर्ता हुन सकिन्छ ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, ‘कम्पाउडिङ्ग विश्वको आठौं आश्चर्य हो ।’ स्वयम् बफेटले भनेका छन्, ‘लगानीमा कुनै चमत्कार छ भने त्यो कम्पाउडिङ्गको तागत हो ।’ तसर्थ लगानीमा भएका कमजोरी र गल्तिहरू लामो समयपछि फिक्का हुँदै जान्छन् । पछिला वर्षहरूमा सम्पत्ति वृद्धिका दर प्रारम्भिक वर्षहरूको तुलनामा धेरै गुणा रहने गर्छ ।

लगानीमा अनेकन रणनीति र योजना हुन सक्छ तर, प्रत्येक उत्कृष्ट लगानीमा समय सबैभन्दा महत्वपूर्ण हुने गरेको छ । कम्पाउण्डिङ्गलाई बुझ्न सकियो भने लगानीलाई कम जोखिममा बढी प्रतिफलमूखि बनाउन सकिन्छ । यसलाई बुझ्न केही समय लाग्छ तर बुझिसकेपछि यसले दिने लाभ कल्पना गरिएभन्दा बढी देखिन्छ ।

जापानी नागरिकहरूमाझ अत्याधिक लोकप्रिय काइजन थेउरी छ- थोरैबाट प्रारम्भ गरी बानी बसाल्ने सिद्धान्त र रु पाँच हजारबाट करोडपति सिद्धान्तमा धेरै समानता भेटिन्छ । यस विधिले एकैपटक ठूला कदम उठाउनु भन्दा विस्तारै साना पाइलाहरूबाट सुरुआत गर्न प्रेरित गर्छ । यसले हामीले चाल्ने हरेक साना प्रयासले ठूलो उपलब्धि दिन सक्छ भन्ने विश्वास राख्दछ । सबैभन्दा ठूलो लक्ष्य प्राप्तिका लागि एकै पटक बृहत फड्को भन्दा नियमित थोरै अभ्यासमार्फत आफूमा बानी पार्नु र त्यसलाई बढाउँदै लैजान सक्नु महत्वपूर्ण हुने गर्दछ । उदाहरणका रुपमा हामीले पहिलो दिनमा घन्टौ व्यायम गर्ने र एक हप्तामा फेरी छोड्ने गरेका धेरै देखेका छौँ । यसो नगरी सुरुआती दिनमा केही मिनेटबाट थालेर त्यसलाई क्रमशः बढाउदै लैजानेहरूले पछि घन्टौंसम्म व्यायम गर्ने आफ्नो व्यवहारको विकास गर्न सफल हुन्छन् । यो एकै दिनमा नभई प्रत्येक दिन एउटा ढुङ्गा पुलबाट खोलामा फ्याँकेर बाटो बनाए जस्तै हो ।

वारेट बफेटले आफ्ना अन्तर्वार्ताहरूमा भनेका छन्, पहिलो शेयर कारोबारमा धैर्यता राख्न नसक्दा धेरै मुनाफा छोड्नु परेको थियो । तब उनका बाबुले उनलाई हिउँको बीचमा लगेर त्यसलाई देखाउँदै भनेका थिए लगानी र हिउँको डल्लो उस्तै हो । हेर यो हिउँको डल्लोलाई जति टाढासम्म गुडाउन सक्छौं अरु हिउँहरू जोडिएर धेरै ठूलो डल्लो बन्दै जाने छ । लगानी पनि यस्तै हो, जति धेरै लामो समयसम्म छोड्न सक्छौं त्यति धेरै हुने निश्चित छ । त्यसपछि बफेटले सधैं लामो दौडको घोडामा लगानी गर्न सिकेका कारण उनी संसारका सफल लगानीकर्ता बन्न सम्भव भयो । हामीले पनि लगानी लामो समयको लागि छनोट गर्न सक्यौं भने सफलताहरू हात पर्ने निश्चित छ ।

*(लेखक, धितोपत्र बजारका लगानीकर्ता हुन् ।)*

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | आयमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ । |
| वृष : | पुरानो कार्य बन्नेछ । अनावश्यक कार्यमा समय लगाउनु हुँदैन । |
| मिथुन : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । जिद्दी गर्नु हुँदैन । |
| कर्कट : | नयाँ सम्पर्क हुने तथा पराक्रममा वृद्धिको योग छ । |
| सिंह : | नाता-गोतासँग भेटघाट हुनेछ । चिन्ताको योग छ । |
| कन्या : | मनोबल उच्च रहनेछ । राजनैतिक कार्य सफल हुनेछ । |
| तुला : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । वाणी संयम जरुरी छ । |
| वृश्चिक : | जोखिम भएको कार्यमा लाभ छैन । वाहन सावधानी राख्नुहोला । |
| धनु : | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| मकर : | नयाँ कार्यमा प्रगति हुनेछ । विरोधी सक्रिय हुनेछन् । |
| कुम्भ : | जग्गा खरीद हुने योग छ । साहसिक कार्य सफल हुनेछ । |
| मीन : | सम्मानमा वृद्धि हुनेछ । आहारमा ध्यान दिनुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# अत्यधिक गर्मीले हज यात्रामा गएका एक हजार बढीको मृत्यु

**काठमाडौं/एजेन्सी–** यस वर्षको हजबाट ज्यान गुमाउनेको संख्या एक हजार नाघेको एएफपीले बिहीबार जनाएको छ । साउदी अरबमा चरम गर्मीका कारण मृत्यु हुनेमध्ये आधाभन्दा बढी दर्ता नभएका तीर्थयात्रीहरु रहेका थिए ।

हज यात्रामा मृत्यु हुनेको बिहीबार प्रकाशित नयाँ प्रतिवेदनअनुसार इजिप्टका ५८ जना रहेको अरबका एक कूटनीतिज्ञले बताएका छन् । उनले मृत्यु हुने कूल छ सय ५८ जनामा छ सय ३० दर्ता नगरिएका तीर्थयात्री रहेको बताए ।

हज तीर्थयात्राको क्रममा लगभग १० देशका एक हजार ८१ जनाको मृत्यु भएको रिपोर्ट गरिएको छ । इस्लामिक क्यालेन्डरद्वारा निर्धारित समयमा गरिने हज यस वर्ष साउदीको प्रचण्ड गर्मीको समयमा परेको हो । राष्ट्रिय मौसम विज्ञान केन्द्रले यस हप्ताको शुरुमा मक्काको ग्रान्ड मस्जिदमा ५१ दशमलव आठ डिग्री सेल्सियसको उच्च तापक्रम रिपोर्ट गरेको थियो । गत महिना प्रकाशित साउदीको एक अध्ययनअनुसार यस क्षेत्रको तापक्रम प्रत्येक दशकमा शून्य दशमलव चार डिग्री



सेल्सियसले बढिरहेको छ । प्रत्येक वर्ष हजारौं तीर्थयात्रीले आधिकारिक अनुमतिको महँगो शुल्क तिर्न नसक्दा अनियमित माध्यममार्फत हज गर्ने प्रयास गर्छन् । साउदीका अधिकारीहरुका अनुसार यस महिनाको शुरुमा मक्काबाट थुप्रै दर्ता नभएका तीर्थयात्रीलाई फिर्ता गरेको भए पनि धेरैले गत शुक्रबार शुरु भएको मुख्य संस्कारमा बिना दर्ता भाग लिएको देखिन्छ ।

अधिकारीहरुले आधिकारिक अनुमति बिना प्रवेश गर्नेको संख्या धेरै भएपछि तीर्थयात्रीको व्यवस्थापन गर्न नसक्दा यस वर्ष गर्मीको जोखिम बढी भएको बताएका छन् । इजिप्टका कूटनीतिज्ञले अत्यधिक गर्मीका कारण उच्च रक्तचाप र अन्य समस्याबाट तीर्थयात्रीहरुको मृत्यु भएको बताएका छन् ।

इजिप्ट बाहेक, मलेसिया, पाकिस्तान, भारत, जोर्डन, इन्डोनेसिया, इरान, सेनेगल, ट्युनिसिया र इराकको स्वायत्त कुर्दिस्तानले पनि आफ्नो नागरिकको मृत्यु रिपोर्ट गरेको छ । मृतकका परिवार र आफन्तहरुले अझै बेपत्ता भएका तीर्थयात्रीहरुको खोजी गरिरहेका छन् ।


## SAUDI ARABIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALF JIM LOGESTICS COMPANY — शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९६१ — LT. No.: 302068 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440

## साइप्रसमा रोजगार

कम्पनीः NEPTUNE RECRUITMENT — शहरः CYPRUS
पूर्व स्वीकृत मितिः २०८१/०३/०५ — चलानी नं.: ६०२२१४४९ — LT. No.: 306708

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 400 | ५७,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः MAYIASOVA SERVICES LTD. — शहरः Cyprus
पूर्व स्वीकृत मिति : २०८०/०२/०२ — चलानी नं.: ६०२०१४८५ — LT. No.: 286047 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 10 | 0 | स. काममा दक्ष | 850 | १२१,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८१ असार १६ गते (30 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**Sundar Nepal Overseas Pvt. Ltd.**
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel. 01-4578460
Mo.: 986-0480301, 9841566228, 9851170602,Email: Sundarnpo@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CARE PROFESSIONAL SERVICES — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०८/२७ — चलानी नं.: ६०२११४७१ — LT. No.: 296331 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 29 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Electrical Assistant | 5 | 0 | | 1000 | ३६२८० | | | | | | |
| 3. | Electrician | 10 | 0 | | 1100 | ३९९०८ | | | | | | |
| 4. | Electrician Assistant | 5 | 0 | | 1000 | ३६२८० | | | | | | |
| 5. | Maintenance Mechanic Assistant. | 20 | 0 | | 1000 | ३६२८० | | | | | | |
| 6. | Mechanic Assistan | 25 | 0 | | 1000 | ३६२८० | | | | | | |
| 7. | Messenger | 50 | 0 | | 1000 | ३६२८० | | | | | | |
| 8. | Welder Assistant | 50 | 0 | | 1300 | ४७१६४ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**VASTU MANAGEMENT SERVICE PVT.LTD.**
श्रम इजाजत नं. ५२६/०६७/०६८
Balkumari, Lalitpur, Nepal, Tel. : 01-5200902/5200306, Mob.: 9828223556, 9808772723.
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

## Saudi Arabia मा वैदेशिक रोजगारको अवसर

कम्पनीः DANAT ENVIRONMENTAL SERVICES COMPANY — शहरः Saudi Arabia,JUBAIL
पूर्व स्वीकृत मितिः २०८१/०३/०२ — चलानी नं.: ६०२२१४६८ — L.T. No.:306647

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः GAS ARABIAN SERVICES — शहरः Saudi Arabia,RIYADH
पूर्व स्वीकृत मितिः २०७९/१०/०९ — चलानी नं.: ६०२०१७०५ — L.T. No.:280061 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ५३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Crown Employment Consultant Pvt. Ltd.**
श्रम इजाजत नं. २३५/०५८/०५९
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | web: www.crown.com .np

## कुवेतमा रोजगार

कम्पनी : Mohammad Al Jarrallah Equipments And Petroleum Services Co — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०८/२१ — चलानी नं.: ६०२११०९५ — LT. No.: 295761 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Boom Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६९५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Heavy Driver | 48 | 0 | | 160 | ६९५४४ | | | | | | |
| 3. | Helper | 37 | 0 | | 95 | ४१२९१ | | | | | | |
| 4. | Loader Operator | 29 | 0 | | 160 | ६९५४४ | | | | | | |
| 5. | Mobil Crane Operator | 59 | 0 | | 180 | ७८२३७ | | | | | | |
| 6. | Rigger | 15 | 0 | | 110 | ४७८११ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**New S.V. International Pvt. Ltd.**
Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977-01-5913575. Mobile No: 9704338375, 9704888695, 9803013510
E-mail: cvs.newsvintl@gmail.com, Web: www.newsvintl.com.np

## रोमानियामा रोजगार

कम्पनी : BRAHMA RECYCLES SRL — शहरः Romania
पूर्व स्वीकृत मितिः २०७९/१२/०८ — चलानी नं.: ६०१९८५२२ — LT. No.: 276947 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 100 | 20 | स. काममा दक्ष | 550 | ७३,२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**लिम्को ओभरसिज प्रा. लि.**
**LIMCO OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. ७१२/०६५/०६६
Koteshwor-35. Kusum Marg, Kathmandu, Nepal, Phone: 01-5199020, 5199526
Email us at: limco.hr@gmail.com, website; www.limco.com.np

## यूएईमा रोजगारको अवसर

कम्पनीः CAPITAL FORCE SECURITY SERVICES — शहरः UAE, Dubai
पूर्व स्वीकृत मितिः २०८०/०६/१८ — चलानी नं.: ६०२०८७३८ — L.T. No.:293554 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1200 | ४३,५३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 986-0365864 | 981-1540684
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## कतार र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः RESPECT TRADING AND CONTRACTING WLL — शहरः Doha
पूर्व स्वीकृत मितिः २०८०/०५/२८ — चलानी नं.: ६०२०७७४३ — LT. No.:292595 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 1 | 0 | स. काममा दक्ष | 2500 | ९१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः SPEED ARCHITECTURAL TECHNOLOGY CO. FOR CONTRACTING — शहरः KSA
पूर्व स्वीकृत मितिः २०८१/०३/०२ — चलानी नं.: ६०२२१४६७ — LT. No.:306503

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार १४ गते (28 June 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
